# राष्ट्रिय मानव अधिकार आयोग
**National Human Rights Commission of Nepal**

केन्द्रीय कार्यालय (Central Office)

हरिहर भवन, पुल्चोक, ललितपुर (Harihar Bhawan, Pulchowk, Lalitpur, Nepal)


## प्रेस नोट

२०७६ भदौ ६

### आयोगको टोली मानव अधिकारका विविध विषयमा अध्ययन तथा छलफलका लागि दक्षिण अफ्रिका प्रस्थान

राष्ट्रिय मानव अधिकार आयोगका माननीय सदस्यद्वय प्रकाश वस्ती र सुदिप पाठकसहितको पाँच सदस्यीय टोली दक्षिण अफ्रिकाको राष्ट्रिय मानव अधिकार आयोगको निमन्त्रणामा अध्ययन तथा अनुभव आदानप्रदानका लागि आज दक्षिण अफ्रिका प्रस्थान गरेको छ ।

सो अवसरमा टोलीले दक्षिण अफ्रिकाको मानव अधिकार आयोगबाट मानव अधिकारको संरक्षण र संबर्द्धनको क्षेत्रमा हुँदै आएका विभिन्न कार्यहरू, उजुरी ग्रहण, अध्ययन अनुसन्धान प्रक्रिया सम्बन्धमा छलफल तथा जानकारी लिनेछ । साथै, सत्य निरूपण तथा मेलमिलाप आयोगको गठन, कार्यप्रक्रिया, सिफारिस तथा कार्यान्वयन सम्बन्धमा तत्कालिन पदाधिकारी, नागरिक समाज, लगायत अन्यसँग भेटघाट छलफल तथा अवलोकन गर्ने कार्यक्रम रहेको छ । टोली मिति २०७६ भदौ ६ गते देखि १५ गते सम्म उक्त भ्रमणमा रहने छ ।

टोलीमा आयोगका सचिव वेद भट्टराई, ECNHRC का परियोजना प्रमुख प्रेमबहादुर थापा र मानव अधिकार अधिकृत खिमानन्द बस्यालको सहभागिता रहने छ ।

मुरारिप्रसाद खरेल
निर्देशक


फोन नं. ००९७७-१-५०१००१५, फ्याक्स नं. ००९७७-१-५५४७९७३, पो.ब.नं. ९१८२, काठमाडौं, नेपाल

Phone : +977-1-5010015, Fax : +977-1-5547973, G.P.O. Box : 9182, Kathmandu, Nepal

Email : nhrc@nhrcnepal.org, Website : www.nhrcnepal.org